# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स : २०७५/०७६
च.नं.

मिति : २०७५/१२/१२

विषयः ध्यानाकर्षण सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिकाका नगर प्रमुख श्री भीमबहादुर साउँद ज्यूले लिएको सेवा, सुविधा सम्बन्धमा सामाजिक संजालमा सार्वजनिक भएका घटनाका प्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । नगरपालिकाको सूचना जे जसरी जुन अवस्थामा बाहिरियो सो त्रुटीपूर्ण रहेको र नगर प्रमुख ज्यूले आफ्नो मासिक सुविधा, संचार सुविधा र वैठक भत्ता बाहेक (यातायात, सवारी चालक, आवास, दैनिक भ्रमण भत्ता) अन्य कुनै सुविधा लिएको नगरपालिकाको अभिलेखमा देखिदैन । नगर प्रमुखको सचिवालयबाट प्राप्त जानकारी अनुसार नगर प्रमुखको ब्यक्तिगत आयश्रोतबाट जम्मा गरिएको रकम, मासिक सुविधा, मासिक संचार सुविधा र वैठक भत्ताको रकम एकमुष्ट नेपाल बैंक लिमिटेड जोगबुडा शाखाको नगर प्रमुख श्री भीमबहादुर साउँद ज्यूको नाममा रहेको खाता नं. २४४०१०००८१९५४५००००२ जम्मा गरी नगर प्रमुख सहायता कोष (मेयर कोष) स्थापना गरेको र सो सम्बन्धी कार्यविधि तयार गरी गरिव, असहायको सहयोग तथा विभिन्न संघ संस्थाहरुलाई सहयोग र विद्यालयहरुमा छात्रवृत्ति कोषका रुपमा खर्च भएको देखिएको छ । विभिन्न प्रचारवाजीका रुपमा सामाजिक संजालमा गरिएको अतिरञ्जनपूर्ण गतिविधि प्रति गम्भीर-खेद ब्यक्त गरिन्छ ।

हरिसे ठगुन्ना
सूचना प्रविधि अधिकृत

भीम बहादुर ऐर
लेखा अधिकृत

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत


जोगबुडा, डडेल्धुरा, सुदूरशिचम प्रदेश नेपाल, फोन : ०९६४११००४, फ्याक्स : ०९६४११००४
ईमेल : parshurammum@gmail.com, website : http://www.parshurammun.gov.np